मासिक
# विपद् बुलेटिन
२०७८ साउन, अंकः १

## यस भित्र

१ मेलम्ची पहिरोको विस्तृत अध्ययन आवश्यक
२ विपद्का घटना र क्षति...
३ विपद् प्रभावितको दैलोमा सहयोगी हातहरू
४ प्रतिनिधि सभाको विशेष समयमा विपद् सवाल

## प्रकाशकीय

नेपाल प्राकृतिक र गैर प्राकृतिक विपद्का दृष्टिले संवेदनशील मुलक हो । यहाँ हरेकवर्ष औसत ५०० भन्दा बढी विपद्का घटनाहरु हुने गर्छ । नेपाल बहुविपद् बहुजोखिमयुक्त मुलुक मध्ये २० औं स्थानमा पर्दछ । त्यस्तै जलवायु परिवर्तन, भूकम्प र बाढीको जोखिमको दृष्टिले क्रमशः चौथो, एघारौं र तिसौं स्थानमा पर्दछ । भूकम्प, बाढी, पहिरो, आगलागी, महामारी, डुबान, खडेरी, हुरी बतास, शीतलहर, तातो हावाको लहर (लु), हिमपात, हिमपहिरो, चट्ट्याङ्ग जस्ता प्राकृतिक तथा गैर प्राकृतिक विपद्बाट ठूलो परिमाणमा जनधनको क्षति हुने गरे को छ ।

नेपाल विपद् प्रतिवेदन २०१९ अनुसार सन् १९७१ देखि २०१८ सम्म २८ हजार ५ सय ९७ विपद्का घटना भएका छन् । यस अवधिमा ४१ हजार बढि मानिसहरूले विपद्का कारण ज्यान गुमाएका छन् भने ८३ हजारभन्दा बढी मानिस घाइते भएका छन् । त्यसैगरी ५९ लाखभन्दा बढि परिवार प्रभावितभएका छन् । नेपालको कूल क्षेत्रफलको ६० प्रतिशत भूभाग र कुल जनसंख्याको ८० प्रतिशत मानिसहरू सधै विपद्को जोखिममा छन् । यतिबेला विश्वब्यापी महाव्याधीको रूपमा फैलिएको कोरोना भाइरस (कोभिड १९) ले स्वास्थ्य क्षेत्र, आर्थिक क्षेत्र, सामाजिक क्षेत्र र जन जीविकामा नै असर गरेको छ । यहि समयमा बाढी पहिरो जस्ता मौसमजन्य विपद्का घटनाहरू पनि बढिरहेका छन् ।

जोखिम क्षेत्रका नागरिकहरूलाई बाढी तथा मौसमजन्य पूर्वसुचना प्रणाली, बाढी तथा भूकम्प आउँदा बच्ने उपायका बारेमा पूर्वतयारी, अभ्यास, आम सञ्चार माध्यमबाट सुचना प्रदान, स्थानिय समुदाय परिचालन, स्थानिय संघसंस्थालाई सक्रिय बनाउने लगायतका कामहरू सघन र एकिकृत रूपमा विस्तार गर्न सके विपद्बाट हुने क्षतिलाई न्यून गर्न सकिन्छ । यसका लागि संघीय सरकार देखि स्थानीय तह सम्म सरकारी संयन्त्रहरू छन् भने समुदाय र विभिन्न संघसंस्था, साझेदार र सरोकारवालाहरूबाट पनि विभिन्न प्रयासहरू भएका छन्।

नेपालको संविधान २०७२ को अनुसूची ७ मा प्राकृतिक तथा गैर प्राकृतिक विपद् पूर्वतयारी, उद्धार तथा राहत र पुर्नलाभ कार्यलाई संघ र प्रदेशको साझा अधिकारको सूचीमा सूचीकृत गरेको छ भने विपद् व्यवस्थापनलाई अनुसूची ८ मा स्थानीय तहको एकल अधिकारको सूचीमा समेटिएको छ । अनुसूची ९ मा विपद् जोखिमलाई संघ, प्रदेश र स्थानीय तहको साझा अधिकारको सूचीमा राखिएको छ । विपद् जोखिम न्यूनीकरण तथा ब्यवस्थापन ऐन, २०७४ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ लगायतका कानूनले संघ, प्रदेश, स्थानीय तहलाई विपद् जोखिम न्यूनिकरण तथा ब्यवस्थापनमा गर्नुपर्ने विभिन्न जिम्मेवारी तोकिदिएको छ । विपद् जोखिम न्यूनिकरण तथा ब्यवस्थापन सम्वन्धी भए गरेका नयाँ तथा उल्लेखनीय गतिविधिहरुलाई समेटी डिपिनेटले बुलेटिन प्रकाशन गर्दै आएको छ । यो अंकदेखि यो बुलेटिनलाई अझ परिस्कृत गर्दै मासिक रूपमा नियमित प्रकाशन गरिने छ ।

## गतिविधि

### कम लागतमा बाढी तथा पहिरो रोकथाम प्रबिधिको सुरूवात

बाढी तथा पहिरोका कारण हरेक वर्ष नेपालले ठुलो मात्रमा जनधनको क्षति ब्यहोर्नु परिरहेकोछ । बाढी तथा पहिरो नियन्त्रणका क्षेत्रमा विभिन्न कामहरु भइरहे पनि बाढी तथा पहिरो वाट हुने विपद्का घटनाहरु हरेक वर्ष बढी नै रहेकोछ । तसर्थ बाढी तथा पहिरो वाट हुने विपद् जोखिम न्यूनीकरण गर्नको लागि स्थानीय स्रोत, साधन र जनशक्ति प्रयोग गरी बाढी र पहिरो रोकथामको लागि कम लागतका प्रविधि अपनाउनका लागि डिपीनेट नेपालले विभिन्न संघ संस्थाहरुको सहकार्य र समन्वयमा जनचेतना समेत जगाउने गरी स्थलगत रुपमा कम लागतको पहिरो र बाढी नियन्त्रण प्रविधिको प्रयोग गर्दै आइरहेको छ। यसको सुरुवात गोरखा जिल्लाको सिरानचोकमा कम लागतमा डिपीनेट, केयर नेपाल, सिरानचोक गाउँपालिका र श्री स्वाँरा सघन गाँउ विकास केन्द्रको संयुक्त प्रयासमा पहिरो नियन्त्रणको काम गरिएको छ । त्यसैगरी डिपिनेट लगायत ठमेलको रोटरी क्लब, नेपाल विपद् व्यवस्थापन केन्द, नेपाल विज्ञान तथा प्रविधि प्रतिष्ठान, वन उपभोक्ता समुह र सामुदायिक विकास प्रबर्द्धन फोरम संगको सहकार्यमा महोत्तरीको बर्दिबास नगरपालिकाको बाहुन भोरामा १०० ओटा पोखरी निर्माण कार्य गरिएको छ ।




स्थानीय श्रोत, साधन र जनशक्ति प्रयोग गरी यो प्रविधि अपनाउन सकेमा बाढी, पहिरो, भुकम्प, ढढेलो, चट्ट्याङ्ग जस्ता विपद्बाट वर्षेनी हुने जनधनको क्षतिकम गर्न सकिने विज्ञहरुको भनाइ छ । विपद् को जोखिम न्यूनीकरणका लागि सिरानचोक गाँउपालिकामा शुरू गरिएको कम लागतको पहिरो नियन्त्रण प्रविधिको गोरखा जिल्ला समन्वय समितिका संयोजक, गाउँपालिकाका अध्यक्ष, राष्ट्रिय विपद् जोखिम न्यूनीकरण....बाँकी अंश पृष्ठ २ मा



...पृष्ठ १ को बाँकी अंश

तथा व्यवस्थापन प्राधिकरण, नगरपालिका संघ, गाउँपालिका संघ, सुरक्षा निकायका प्रतिनिधि लगायत बिभिन्न सरोकारवालाहरूले अवलोकन गर्नुभएको थियो । सोही अवसरमा गरिएको अन्तरक्रिया तथा सचेतना कार्यक्रममा सबै सरोकारवालाहरूले यो प्रविधि किफायती र प्रभावकारी भएकोले अन्यत्र क्षेत्रहरुमा समेत विस्तार गर्नु पर्ने कुरामा जोड दिनु भएको थियो। यस प्रविधिलाई अगाडि वढाउनका लागि डिपीनेट नेपालका सल्लाहाकार समेत रहनु भएका नेपाल विज्ञान तथा प्रविधि प्रतिष्ठानका पुर्व उपकुलपति प्रा. डा. जिवराज पोखरेलले प्राबिधिक सहयोग गरिरहनु भएको छ । सर कारी, गैर सरकारी र निजी क्षेत्रहरुवाट सहयोग प्राप्त भएमा यस प्रकारको कम लागत र उपयोगि प्रविधिलाइ देशका अन्य विभिन्न भागहरुमा समेत विस्तार गर्न सकिनेछ ।

## मेलम्ची पहिरोको विस्तृत अध्ययन आवश्यक

सिन्धुपाल्चोक जिल्लाको मेलम्ची बजार वस्ती र मेलम्ची खानेपानी आयोजना लगायतमा ठूलो क्षति पुऱ्याएको मेलम्ची खोलाको बाढी तथा पहिरो असार १ गतेपछि फेरी साउन १५ गते दोहोरिएको छ । मेलम्ची खानेपानी आयोजनालाई समेत थप जोखिमतिर धकेल्ने गरी भएको यो घटनाको विस्तृत अध्ययन आवश्यक भएको तर प्रविधिको अभाव र खराब मौसमकाकारण अध्ययन गर्न नसकिएको खानी तथा भूगर्भ विभागको भनाइ छ । विभागका महानिर्देशक रामप्रसाद घिमिरेले यस्ता घटनाहरू भविष्यमा पनि दोहोरिन सक्ने भएकाले यस किसिमको विपद्बाट हुने जोखिम न्यून गर्न पहिरो पूर्व सूचना प्रणाली जडान गर्नुपर्ने, विस्तृत भौगर्भिक अध्ययन गर्नुपर्ने र यसबाट हुन सक्ने क्षतिलाई न्यून गर्न थप सतर्कता अपनाउनु पर्ने कुरामा जोड दिनुभयो । यसका लागि राष्ट्रिय विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन प्राधिकरण, जल तथा मौसम विज्ञान विभाग र खानी तथा भूगर्भ विभाग लगायतका निकायले समन्वयात्मक ढंगले काम गर्न थालेको र यो कार्यलाई निरन्तरता दिनुपर्ने बताउनुभयो ।



*फोटो सौजन्य : रासस*

प्रतिनिधि सभाको विकास तथा प्रविधि समितिले पनि यस बारेमा मेलम्ची खाने पानी विकास समिति तथा सम्बन्धित सरकारी निकायकावीच छलफल गरे को छ । समिले पहिरो जानुको कारण, यसले निम्त्याउन सक्ने थप जोखिम र समाधानको उपाय बारेमा सम्बन्धित निकायसँग जानकारी लिएको थियो ।

केन्द्र देखि प्रदेश र स्थानीय तह सम्म, विभिन्न नौ वटा सरोकारवाला समूहको गठन गर्न लागिएको छ । जसअनुसार प्राज्ञिक तथा अनुसन्धानमूलक समूह, दाता तथा संयुक्त राष्ट्र संघीय समूह, अन्तर्राष्ट्रिय गैरसरकारी संस्था समूह, राष्ट्रिय गैरसरकारी संस्था समूह, सूचना प्रविधि तथा सञ्चार समूह र विपद् प्रभावित समूहसंग छुट्टा छुट्टै छलफल भईसकेको छ । यस सम्बन्धी बिस्तृत विवरण *http://dpnet.org.np/news* मा उपलब्ध छ ।



# विपद् जोखिम न्यूनिकरणका सामूहिक प्रयासहरू बढाईंदै

विपद् जोखिम न्यूनीकरण राष्ट्रिय कार्यमञ्चले विपद् जोखिम न्यूनिकरणका लागि सबै सरोकारवालाहरूको संलग्नतालाई अझ प्रभावकारी र सशक्त बनाउन विभिन्न विषयगत समूहसंग छलफललाई अघि बढाएकोछ । विपद् जोखिम न्यूनीकरण राष्ट्रिय कार्यमञ्च, विपद् जोखिम न्यूनीकरणतथा व्यवस्थापनका सवालहरूमा समानबुझाई, नीतिगत अधिवाचन, समन्वय र विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका प्राथमिकताकाबारेमा सुझाव प्रदान गर्नका लागि विपद् जोखिम न्यूनीकरणको क्षेत्रमा कार्यरत संघ संस्थाहरूको साझा मञ्च हो ।




*फोटो : डिपिनेट, नेपाल*

संयुक्त राष्ट्र संघीय विपद् जोखिम न्यूनीकरण अन्तर्राष्ट्रिय सचिवालयबाट विश्वव्यापी रुपमा विभिन्न तहमा विपद् जोखिम न्यूनीकरण कार्यमञ्च गठन गरी विपद् जोखिम व्यवस्थापनका कार्यलाई समन्वयात्मक र प्रभावकारी बनाउन सबै सरकार लाई आग्रह गरे बमोजिम नेपाल सरकार गृह मन्त्रालयले २०६८ सालमा विपद् जोखिम न्यूनीकरण राष्ट्रिय कार्यमञ्च गठन गरेको हो । विपद्बाट उत्थानशील मुलुकको विकासका लागि विपद् जोखिम न्यूनीकरणका कार्यलाई प्रभावकारी बनाउन सबै तह र तप्कामा यसको अवधारणा विस्तार गर्दै विकाससँग सम्बन्धित सबै विषयगत क्षेत्रका समस्याको सम्बोधनको लागि आवश्यक सुधारका क्षेत्र पहिचान गरी अधिवाचनका साथै सहकार्य अभिवृद्धि गरी सबै क्षेत्रको सहभागिता सुनिश्चित गर्ने आधार तयार गर्नु यस कार्यमञ्चको मूल उद्देश्य रहेको छ । गृह मन्त्रालयको सचिवको अध्यक्षता रहदै आएको कार्यमञ्च, २०७६ साल पौष १० गतेदेखि राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको कार्यकारी प्रमुखको अध्यक्षतामा संचालन हुदै आएको छ । २०७७ साल श्रावण ११ गते बसेको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन कार्यकारी समीतीको बैठकले पारित गरेको विपद् जोखिम न्यूनीकरण राष्ट्रिय कार्यमञ्चको मार्गदर्शन अनुसार प्रकोप पूर्वतयारी सञ्जाललाई कार्यमञ्चको सचिवालयको जिम्मेवारी दिइएको छ । उक्त मार्ग दर्शनमा नौ वटा सरोकारवाला समुहहरू सरकारी निकायको समूह, सार्वजनिक संस्थान तथा अर्ध सरकारी निकायको समूह, प्राज्ञिक तथा अनुसन्धानमूलक समूह, दाता तथा संयुक्त राष्ट्र संघीय समूह, अन्तर्राष्ट्रिय गैरसरकारी संस्था समूह, राष्ट्रिय गैरसरकारी संस्था समूह, व्यवसायिक प्रतिष्ठान तथा निजी क्षेत्रका समूह, सूचना प्रविधि तथा सञ्चार समूह, विपद् प्रभावित समूहको गठनको व्यवस्था गर्नुका साथै विपद् जोखिम न्यूनीकरण राष्ट्रिय कार्यमञ्चलाई प्रादेशि तह तथा स्थानीय तहसम्म बिस्तार गनुपर्ने ब्यवस्था गरेको छ । जस अनुसार, कार्यमञ्चको सचिवालयको भूमिका र राष्ट्रिय विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन प्राधिकरणसँगको समन्वय र संलग्नतामा

# विपद् प्रभावितको दैलोमा सहयोगी हातहरू




*फोटो सौजन्य : माया गुरुङ*


गएको असार १ गते सिन्धुपाल्चोकको मेलम्चीखोलामा बाढी आउँदा बजारनै तहसनहस भयो । हेलम्बु गाउँपालिका- १ नाकुटेभन्दा ५०० मिटर माथिबाट पहिरो खसेर मेलम्ची नदी थुनिएर फुटेपछि ठूलो दुर्घटना हुनपुगेको थियो । घटनापछि राहत र उद्धारका लागि माया गुरूङ र उहाँको टिम त्यस ठाउँमा अस्थायी बासस्थान निर्माणका लागि फिल्डमा खटियो । अहिले पनि उहाँको समूहले त्यस क्षेत्रमा विपद् प्रभावित समूहलाई मानवीय सहयोग गरिरहेको छ । सिन्धुपाल्चोककी माया गुरूङ यतिखेर सिन्धुपाल्चोकको हेलम्बु क्षेत्रमा विपद् पिडितहरूको सेवामा खटिरहनुभएको छ । विश्वकै सातओटा हिमाल आरोहण गर्ने ७ नेपाली महिला मध्येकी उहाँ' विश्व समावेशी सहायता संस्था' मार्फत बाढी, पहिरो र डुबानबाट प्रभावितहरूका आँगनमा खाद्यन्न, औषधि, लत्ताकपडा, पाल तथा जस्तापाता जस्ता अति आवश्यक सामग्री लिएर पुग्नुहुन्छ । उहाँ भन्नुहुन्छ, यो हामीले आफ्नो स्वेच्छाले गरेको काम हो त्यसैले हाम्रो सम्बन्ध स्थानिय तह र सबै सरोकारवाला पक्षसंग रहेको छ । खासगरी महिला र बालबालिका प्रति बढि चासो दिएर काम गरेका छौं ।

पिडितहरूको सहयोगका लागि हाल उहाँको संस्थाले नेपाल सरकारसंग समेत सहकार्य गरेको छ । उहाँको समूह मेलम्ची बजारबाट माथि हेलम्बु लगायतका स्थानहरूमा पुगेर मानवीय कार्य गरेको छ । बाटोघाटो र बिजुलीबत्ति समेत नपुगेको ठाउँका नागरिकलाई सहयोग गर्न पुग्नु भनेको सानो कुरा होइन 'मनमा सहयोग गर्ने उर्जा भए सकिने रहेछ,' उहाँको भनाइ छ । संस्थाको सहयोग सामग्री ढुवानीको व्यवस्था नेपाल सरकारले गरिदिने गरेको उहाँको भनाइ छ । गतवर्ष सिन्धुपाल्चोकको लिदी गाउँपालिकामा गएको पाहिरोबाट प्रभावित भएकाहरूलाई सहयोग गर्न पनि माया उक्त ठाउँमा पुग्नुभएको थियो । विपद्बाट प्रभावित भएका मध्ये पनि बालबालिका र महिला संवेदनशील समूह हुन् ।.......... *बाँकी अंश पृष्ठ ५ मा*

# साढे ४ महिनामा १ हजार ३ सय बढि विपद्का घटना

यो वर्ष विपद्का दृष्टिले दुखद रहेको शुरूका साढे चार महिनाले देखाएको छ । राष्ट्रिय विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन प्राधिकरणका अनुसार २०७८ बैशाखदेखि साउन १५ गतेसम्म १ हजार ३ सय ८ विपद्का घटना भएका छन् । त्यसमध्ये सबैभन्दा बढि आगलागीका घटना ५ सय ५१ वटा भएका छन् । यी घटनाबाट १२ जनाको मृत्यु भएको छ भने ४९ करोड २५ लाख रूपैयाँभन्दा बढि क्षति भएको अनुमानित आँकडा छ । आगलागी पछि घटना संख्याको हिसाबले दोस्रोमा पहिरो रहेको छ । यो अवधिमा १ सय ८९ वटा पहिरोका घटना भएका छन् जसबाट ३४ जनाको मृत्यु भएको छ भने ७ जना वेपत्ता भएका छन् । मानवीय क्षतिको दृष्टिले चट्याङ्ग पहिलो विपद् बनेको छ । यो अवधिमा १ सय ३६ चट्याङ्गका घटनामा परि ३८ जनाको मृत्यु भएको छ । यो अवधिमा जंगली जनावरको आक्रमणमा परि मृत्यु हुनेको संख्या १८ रहेको छ भने सर्प दंशका १२ घटनाबाट ११ जनाको मृत्यु भएको छ । बाढीका ८० घटनामा परि २६ जनाको मृत्यु भएको छ । बैशाख १ गतेदेखि साउनको १५ अर्थात् जुलाई अन्तिमसम्म विभिन्न ९ किसिमका विपद्का १ हजार ३ सय ८ घटनाबाट कूल १ सय ५१ जनाको मृत्यु भएको छ भने ३७ जना बेपत्ता भएका छन् । यसबाट ६३ करोड ७६ लाख रूपैयाँभन्दा बढिको आर्थिक नोक्सानी भएको छ ।




*श्रोत : राष्ट्रिय विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन प्राधिकरण*

## महामारी फैलिने कारण

- बाढी पहिरोपछि बढ्ने फोहोर-मैलाका कारण रोगका जीवाणुको वृद्धि हुनु ।
- पिउने पानीको स्रोत प्रदुषित हुनु वा खाद्यान्न र पानी दुषित हुनु
- खुला ठाउँमा दिसा-पिसाब गर्नु ।
- नुहाउन, लुगाफाटो धुनु र खाना बनाउन प्रदुषित पानीको प्रयोग गरिनु ।
- व्यक्तिगत सरसफाइमा ध्यान नदिनु ।

## प्रतिनिधि सभाको विशेष समयमा विपद् सवाल

विपद् बहुसरोकारको विषय हो र यसको सम्बन्ध बहुक्षेत्रसंग हुन्छ भन्ने कुराको बहस हरेक पछिल्लो समयमा बाक्लिदै गएको छ । यो विषयले प्रतिनिधि सभामा पनि महत्व पाएको छ । साउन १५ गते प्रतिनिधि सभा बैठकको विशेष समयमा सांसदहरुले विपद्को जोखिमलाई आँकलन गर्न नसके आगामी दशक भयावह हुने बताउनुभएको छ । प्रतिनिधिसभा बैठकको विशेष समयमा सांसदहरू गिरिराजमणि पोखरेल, महेश्वरजङ गहतराज, प्रदीप गिरी र रेणुका गुरुङले समयमा नै विपद् जोखिम रोक्नतर्फ लाग्न सरकारको ध्यानाकर्षण गराउनुभयो । चुरेको जोखिमलाई आँकलन गर्न नसके आउँदो १० वर्षमा अवस्था भयावह हुने भएकाले क्षति न्यूनिकरण, वातावरण संरक्षण तथा जोखिम रोक्नका लागि हरित अभियान चलाउन पनि सरकार तथा अन्य निकायलाई सुझाव दिइएको थियो । यसैगरी मनाङ र सिन्धुपाल्चोकमा ठुलो मनसुनजन्य घटनाको प्रसंग जोड्दै विकास निर्माणका कार्यमा विपद्लाई विर्सन नहुने, नदीको तटीय क्षेत्रको वस्तीलाई सुरक्षित बनाउन, कृषि योग्य जमिनलाई बगर मा परिणत हुनबाट बचाउनका लागि काम गर्न सरकारलाई आग्रह गरिएको थियो । सांसदहरुले कोभिडले निम्त्याएको महामारी र मनसुनजन्य विपद् एकै पटक भएका कारण नागरिकले दैनिक भोग्नु परेका समस्या बढेकाले यसको समाधानका लागि प्रधानमन्त्रीको ध्यानाकर्षण पनि गराउनु भयो ।



*फोटो सौजन्य : रासस*

## स्फेयर हाते पुस्तिका २०१८ को नेपाली संस्करण हस्तान्तरण

नेपालको लागि स्फेयर जेनेभाको सम्पर्क बिन्दुको रूपमा कार्यरत प्रकोप पूर्वतयारी सञ्जाल नेपाल (डिपीनेट) ले स्फेयर समन्वय समिति गठन गरि स्फेयर मापदण्डलाई संस्थागत गर्न विभिन्न गतिविधिहरू संचालन गर्दै आएको छ । यसै सन्दर्भमा डिपीनेटले, अन्तर्राष्ट्रिय प्रशिक्षक प्रशिक्षण कार्यक्रम आयोजना गरी स्फेयर निर्देशिकाको पछिल्लो संस्करणका लागि आवश्यक मानव संसाधन तयार गरी प्रदेश-स्तरीय प्रशिक्षण तथा अभिमूखीकरण कार्यक्रमहरूको आयोजना गर्दै आएको छ । डिपीनेट स्फेयर निर्देशिका २०१८ को नेपालीमा अनुवाद गरी अनुवादित निर्देशिका सरोकारवालाहरू समक्ष पुर्‍याउन प्रयासरत छ । यसै क्रममा संयुक्त राष्ट्रसंघीय बाल कोष (युनिसेफ) ले डिपीनेटलाई १६०० प्रति अनुवादित निर्देशिका उपलब्ध गराएकोमा, डिपीनेटले २०७८ साल असार २१ गते अन्तर्राष्ट्रिय आप्रवासी संगठन (आईओएम) लाई १५०६ प्रति प्रदान गरेको छ । यसरी हस्तान्तरण गरिएको निर्देशिका नेपालका ७५३ वटै स्थानिय तहमा विपद् जोखिम न्यूनिकरण तालिम कार्यक्रम संचालन गर्दा प्रत्येक स्थानीय तहलाई २, २ प्रतिका दरले वितरण गर्ने योजना रहेको छ ।



*फोटो : डिपिनेट, नेपाल*

निर्देशिका हस्तान्तरण कार्यक्रममा बोल्दै डिपिनेटका महासचिव तथा स्फेयर समन्वय समितिका संयोजक डा. राजु थापाले युनिसेफ र अन्तर्राष्ट्रिय आप्रवासी संगठनलाई बिशेष धन्यवाद दिदै, यो सहयोगले नेपाल(लमा स्फेयर मापदण्ड संस्थागत र स्थानीयकरण गर्न महत्वपूर्ण भूमिका खेलेको बताउनुभयो ।

## १५ जिल्लाका १२६ प्राकृतिक विपद्को जोखिमयुक्त ठाउँ पहिचान

राष्ट्रिय योजना आयोगले १५ वटा हिमाली जिल्लाका १ सय २६ वटा बस्ती जोखिमयुक्त रहेको पहिचान गरेको छ । प्राकृतिक विपद्को जोखिमयुक्त पहिचान भएका ती बस्तीलाई भौगोलिक दृष्टिकोणले सुरक्षित ठाउँमा स्थानान्तरण गरी एकीकृत बस्ती निर्माण गर्ने अवधारणा सहित आयोगले ती ठाउँको पहिचान गरेको हो । आयोगले चालू आर्थिक वर्षमा सो अध्ययन गरी जोखिमयुक्त बस्तीलाई स्थानान्तरण गर्न दार्चुला देखि ताप्लेजुङसम्मका १५ वटा हिमाली जिल्लाका १२६ वटा ठाउँको पहिचान गरेको हो । त्यसैगरी सो जोखिमयुक्त बस्तीलाई स्थानान्तरण गरी एकीकृत बस्ती निर्माणका लागि ती १५ वटा जिल्लाका २८ स्थानको पनि पहिचान भएको छ । ती स्थानलाई ग्रोथ सेन्टरका रुपमा विकास गर्ने आयोगको अवधारणा छ । पहिरो कसरी जान्छ, बाढी कसरी आउँछ, आगलागी, डढेलो कसरी लाग्छ, त्यहाँको जलवायु कस्तो छ, वर्षायाम कति महिनासम्म रहन्छ, पानी कति पर्छ, भूकम्पीय प्रभाव, माटोको अवस्था लगायतका आधारमा विस्तृत अध्ययन गरी जोखिमयुक्त र नयाँ बस्ती विकासका लागि सुरक्षित ठाउँको पहिचान गरिएको हो ।



...पृष्ठ ३ को बाँकी अंश

उहाँ भन्नुहुन्छ 'एउटा पालमा १४-१५ जनाको परिवार, कुखुरा, बाख्रा, अन्नपात र झिटी झाम्टासहित बस्नुपर्दा गर्भवती, सुत्केरी तथा महिनावारी भएका महिलाहरूलाई निकै पिडा हुनेगर्छ । यस्ता समूहका लागि विशेष ध्यान दिनुपर्छ भन्ने मान्यताका आधारमा उहाँ यिनै समूहहरूलाई प्राथमिकतामा राखेर काम गर्नुहुन्छ । विपद्ले गर्दा बालबालिकाको शिक्षा प्रभावित भएको छ, महिलाहरू बढी हिंसामा परेका छन, बालविवाह बढेको छ। विपद् प्रभावित क्षेत्रमा जन्मदर समेत बढेको भन्दै गुरुङ भन्नुहुन्छ, एउटा बच्चा पेटमा, अर्को पिठ्यूँमा, अर्को काखमा । महिलाहरूको काम नै बच्चा जन्माउने भएको छ न पोषण छ, न हेरचाह । महिलाहरूको अवस्था निकै दयनिय छ । विपद्को यो पाटोलाई मैले उच्च प्राथमिकतामा राखेर काम गर्छु । गुरुङका अनुसार विपद्पछि निम्तिने यस किसिमको अवस्था हेर्दा सानो जस्तो देखिने तर भोग्नेलाई निकै ठूलो पिडा हुने हुंदा लैङ्गिक सवाललाई विपद् प्रतिकार्यमा जोड्नु जरूरी छ । यसकालागि केहि प्रयास भए पनि पर्याप्त नभएको उहाँको अनुभव छ । कतिपय क्षेत्रमा अघिल्ला वर्षहरूमा विपद्बाट प्रभावित भएकाहरूको समेत पुर्नस्थापना हुन नसकेको उहाँ बताउनुहुन्छ । विपद्लाई त हामीले रोक्न सक्दैनौं तर आइपरेका जोखिमको सामना गर्दै जनतालाई उचित बन्दोबस्त गर्न भने सरकारले कुनै कसर छाड्नु हुँदैन उहाँले भन्नुभयो । विपद्को पूर्वतयारीमा महिला तथा बालबालिका र अपांगता भएका व्यक्तिको विशेष रूपमा ध्यान दिनु आवश्यक हुन्छ । प्राकृतिक विपद्को हिसाबले नेपाल अति जोखिमयुक्त देश हो । यो वर्ष मनसुन सुरु भएको पहिलो सातामै सिन्धुपाल्चोक र मनाङ लगायतका जिल्लाहरूमा ठुलो जनधनको क्षति हुनपुग्यो । सरकारले बाढी, पहिरोले क्षतिग्रस्त भएका सिन्धुपाल्चोक तथा मनाङ जिल्लालाई विपद् संकटग्रस्त क्षेत्र घोषणा समेत गरेको छ ।

बाढी पहिरो र डुबानका कारण कैयौं मानिसहरू विस्थापित भएका छन् । खाने अन्न, बस्ने बास, लगाउने कपडादेखि धनजन सबै गुमाएका पिडितहरूको खुल्ला आकाशमा बास भएको छ । विपद्जन्य घटनाका कारण आफ्नो सर्वश्व गुमाएकाहरूलाई सरकारी, गैरसरकारी तथा व्यक्तिगत तवरबाट पनि सहयोगी हातहरू जुटी रहेका छन् ।



*फोटो सौजन्य : माया गुरुङ*

# अनुरोध

प्रकोप पर्वतयारी संजाल नेपाल (डिपिनेट) ले मासिक रूपमा प्रकाशन गर्दै आएको विपद् बुलेटिनलाई निरन्तरता दिएको छ । यो बुलेटिनमा सरकारी निकाय, संयुक्त राष्ट्र संघीय एजेन्सी, गैर सरकारी संस्था, विकास साझेदार, निजी क्षेत्र तथा समुदायबाट विपद्को क्षेत्रमा भए गरेका गतिविधि, सिकाइ, उपलब्धी सम्बन्धी सान्दर्भिक फोटो तथा प्रकाशनका लागि उपयुक्त हुने सामग्री निम्न ठेगानामा पठाउनुहुन हार्दिक अनुरोध गर्दछौं ।

USAID अमेरिकी जनताबाट

DPNet Nepal

**प्रकोप पूर्वतयारी सञ्जाल नेपालको सचिवालय**
कार्यालय रेडक्रस रोड, कालीमाटी, काठमाण्डौं
फोन नं. : ०१-४६७२१६५, ६२२६६१३
Email: dpnet@dpnet.org.np
https://www.dpnet.org.np

**२०७८ असारको बाढिबाट प्रभावित मेलम्ची बजार**



*फोटो सौजन्य : नेटिजन मिडिया*

**बाढि तथा वर्षाको जानकारीका लागिः ११५५ मा फोन गरौं ।**

**स्वीकारोक्ति**

यस बुलेटिन भित्रका विषयवस्तु र सामग्री डिपिनेटका एकल जिम्मेवारी हुन् र तिनले युएसएआइडी वा अमेरिकी सरकारको विचारको प्रतिविम्बित गर्छन् भन्ने जरूरी छैन ।